## उपयोगी फोन नम्बरहरू

शरणार्थी स्वास्थ्य मूल्याङ्कनबारे बढी जानकारीका लागि कृपया नजिकको जनस्वास्थ्य एजेन्सीमा फोन गर्नुहोस्। कैयौँ शरणार्थीहरू बसोबास गर्ने केही काउन्टीहरूमा जनस्वास्थ्य एजेन्सीहरूका फोन नम्बरहरू यहाँ दिइएका छन्:

| | | | |
|---|---|---|---|
| अनोका | | 76 | 3-422-7030 |
| कार्भर | | 95 | 2-361-1329 |
| क्ले | 21 | | 8-299-5220 |
| डकोटा | 95 | | 2-891-7500 |
| हेन्नेपिन | | | 612-348-7006 |
| नोबल्स-रक | | | 507-295-5272 |
| ओल्म्स्टेड | | | 507-328-7500 |
| ओट्टर टेल | | | 218-998-8320 |
| सेन्ट पौल-रामसे | | | 651-266-1251 |
| स्टीअर्नस् | | | 320-203-6942 |
| वाशिङ्गटन | | | 651-430-6655 |

यदि तपाईँको काउन्टी यस सूचीमा छैन भने वा बढी जानकारीको लागि आफ्नो स्वयंसेवी एजेन्सी (VOLAG) केस कार्यकर्तालाई फोन गर्नुहोस् वा 651-201-5414 नम्बरमा शरणार्थी स्वास्थ्य कार्यक्रम, मिन्नेसोटा स्वास्थ्य विभागलाई फोन गर्नुहोस्।

म्यासाच्यूसेट्स जनस्वास्थ्य विभागबाट प्राप्त सामग्रीको आधारमा मिन्नेसोटा स्वास्थ्य विभागको शरणार्थी स्वास्थ्य कार्यक्रमद्वारा प्रस्तुत।

डिसेम्बर 12.2009 IC#141-0576 (Nepali)

**मिन्नेसोटा स्वास्थ्य विभाग**
शरणार्थी स्वास्थ्य कार्यक्रम
पी.ओ. बक्स 64975
सेन्ट पौल, एम एन 55164-0975

# तपाईँको शरणार्थी स्वास्थ्य मूल्याङ्कन निम्ति मार्गदर्शक पुस्तिका

*मिन्नेसोटामा स्वागत छ*



**Minnesota Department of Health Refugee Health Program**

**“शरणार्थी स्वास्थ्य मूल्याङ्कन” भनेको के हो?**

संयुक्त राज्यमा (यु.एस.-मा) स्वास्थ्य सेवाको दिशामा शरणार्थी स्वास्थ्य मूल्याङ्कन तपाईंको पहिलो पाइलो हो। यसमा सम्पूर्ण शारीरिक जाँच हुन्छ र तपाईंलाई कुनै स्वास्थ्य सम्बन्धी समस्या छ भने त्यो पत्तो लगाउने समय हो, जसले तपाईंलाई रोजगार पाउनमा वा स्कूलमा भर्ना हुनमा रोक्न सक्छ। शरणार्थी स्वास्थ्य मूल्याङ्कन यु.एस.-मा तपाईंको पुनर्स्थापन र नयाँ जीवनको एक महत्वपूर्ण भाग हो।

मिन्नेसोटामा आउने सबै शरणार्थीहरू, शरण-आवेदकहरू, पेरोलमा निस्केकाहरू र क्यूबाका/हाइटीका प्रवेशार्थीहरूले स्वास्थ्य मूल्याङ्कन गराउनु पर्दछ।

तपाईंको स्वास्थ्य मूल्याङ्कन प्रक्रिया स्वास्थ्य सेवा प्रदायक वा क्लिनिकमा दुइपटक जाँदा पूरा हुन्छ र यसमा सामेल हुन्छन्:

- बाहिरी मुलुकमा तपाईंको चिकित्सा जाँचको समीक्षा
- तपाईंको स्वास्थ्य ईतिहासको समीक्षा
- शारीरिक जाँच
- संक्रमणहरू सम्बन्धी जाँच
- तपाईंलाई चाहिनसक्ने रोगनिरोधक खोपहरू

तपाईं मिन्नेसोटा आइपुग्नुभएको 90 दिन भित्रमा तपाईंले यो स्वास्थ्य मूल्याङ्कन गराएको हुनुपर्छ। तपाईंको शारीरिक जाँच गरिँदा तपाईंको भाषा बोल्ने कुनै व्यक्तिको उपस्थितिको माग तपाईं गर्न सक्नु हुन्छ।

**बाहिरी मुलुकमा मेरो चिकित्सा जाँचको तुलनामा यो कसरी भिन्न छ?**

बाहिरी मुलुकमा तपाईंको जाँच गरिँदा तपाईंलाई अमेरिका आउनबाट रोक्नसक्ने अवस्थाहरू जस्तै क्षयरोग, हिँसासित सम्बद्ध शारीरिक र/वा मानसिक समस्याहरू र लागु पदार्थको कुलतको मात्रै जाँच गरिएको हुन्छ।

**यसमा कति खर्च लाग्छ?**

यदि अमेरिकामा तपाईंको पहिलो गन्तव्य स्थान मिन्नेसोटा हो भने स्वास्थ्य मूल्याङ्कनको लागि तपाईंले पैसा तिर्नु पर्दैन। यसको खर्च दुइ तरिकाहरू मध्ये एकद्वारा पूरा गरिन्छ: 1) यदि तपाईंसित मेडिकएड कार्ड छ भने मिन्नेसोटा मेडिकल एसिस्टेन्स (एम.ए.)-ले खर्च बेहोर्नेछ। 2) यदि तपाईंसित एम.ए. छैन र तपाईं अमेरिकामा 90 दिन भन्दा कम्ति बस्नुभएको शरणार्थी हुनुहुन्छ भने तपाईंको क्लिनिकले तपाईंको स्वास्थ्य मूल्याङ्कनको लागि भुक्तानी मिन्नेसोटा स्वास्थ्य विभागबाट प्राप्त गर्न सक्छ।

**मैले के लिएर आउनु पर्छ?**

तपाईंको स्वास्थ्य मूल्याङ्कन गरिँदा तपाईंले आफुसित निम्न जिनिसहरू छन् भने लिएर आउनु पर्छ:

- तपाईंका सबै चिकित्सा रेकर्ड र छातिका एक्सरेहरूका साथै आफ्नो “आइ.ओ.एम. (इन्टरनेशनल अर्गनाइजेशन फर माइग्रेशन) ब्याग”
- रोग प्रतिरोधक खोपहरूको रेकर्ड
- अन्य चिकित्सकीय रेकर्डहरू
- तपाईंले प्रयोग गर्नुहुने कुनैपनि औषधि वा जडीबुटीहरू

**मैले कहाँ जानु पर्छ?**

तपाईंले आफ्नो शरणार्थी स्वास्थ्य मूल्याङ्कन आफ्नो स्थानीय जनस्वास्थ्य एजेन्सी वा प्राथमिक सेवा प्रदायकबाट गराउन सक्नुहुन्छ।

**स्थानीय जनस्वास्थ्य एजेन्सी भनेको के हो?**

मिन्नेसोटाको हरेक काउन्टीमा एउटा स्थानीय जनस्वास्थ्य एजेन्सी हुन्छ। तपाईंको निकटको एजेन्सीले तपाईंको स्वास्थ्य मूल्याङ्कनको लागि समय मिलाइदिनमा मद्दत गर्न सक्छ। ती एजेन्सीहरूले कैयौं सेवाहरू प्रदान गर्दछन् जसबाट तपाईंलाई मद्दत हुनेछ। उदाहरणको लागि, केहीले रोगनिरोधक खोपहरू प्रदान गर्दछन् र रोगहरूको जाँच एवं उपचार गर्दछन्।

**प्राथमिक सेवा प्रदायक भनेको के हो?**

तपाईंको प्राथमिक सेवा प्रदायक त्यो क्लिनिक वा चिकित्सा प्रदायक व्यक्ति हो जसले तपाईंलाई नियमित रूपमा सेवा प्रदान गर्छ, खासगरी तपाईं बिमार पर्दा, तपाईंलाई सुई लगाउनु पर्ने हुँदा वा कुनै स्वास्थ्य समस्याले गर्दा तपाईंलाई उपचारको खाँचो पर्दा।

प्राथमिक स्वास्थ्यको अर्थ हो एउटा नियमित क्लिनिक वा स्वास्थ्य सेवा प्रदायक जसले तपाईंको दैनिक स्वास्थ्य सेवा आवश्यकताहरूको ध्यान राख्दछ र आवश्यक परेको खण्डमा जसले तपाईंलाई विशेषज्ञ कहाँ पठाउँछ।

प्राथंमिक सेवामा थुप्रै स्वास्थ्य सेवाहरू सामेल हुन्छन्। तिनीहरूले तपाईंका लगभग सबै स्वास्थ्य सेवा आवश्यकताहरूको पूर्ति गरेको हुनु पर्दछ।